# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ६, अङ्क १, २०७५ बैशाख Year 6, Issue 1 April 2018


## राजस्व संकलनमा २०.१९ प्रतिशतले वृद्धि



आन्तरिक राजस्व विभागले चालु आर्थिक वर्षको बैशाख महिनासम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३८ अर्ब १३ करोड बढी राजस्व संकलन गरेको छ । आर्थिक वर्ष २०७४।०७५ को वार्षिक

बाँकी ४ पेजमा....


यसभित्र

नक्कली स्टिकर अनुगमन तथा कारवाही तिव्रता पृष्ठ ५

आन्तरिक राजस्व कार्यालय दाङ्ग विशेष पृष्ठ १०

बेरुजु संपरीक्षण गर्न निर्देशन पृष्ठ १२


## महानिर्देशकको विदाई तथा स्वागत



श्रीमान महानिर्देशक विष्णु प्रसाद नेपाल तथा निर्वतमान महानिर्देशक किशोरजंग कार्कीलाई मायाको चिनो दिनुहुँदै

नेपाल सरकार को २०७५।०१।०६ को निर्णयानुसार आन्तरिक राजस्व विभागबाट सरुवा हुनुभएका श्रीमान् महानिर्देशक किशोरजङ्ग कार्कीको विदाई तथा महालेखा नियन्त्रक कार्यालयबाट यस विभागको महानिर्देशकको जिम्मेवारी सम्हाल्नेगरी सरुवा हुनुभएका श्रीमान् विष्णुप्रसाद नेपालको स्वागत गरियो । विदाइ तथा स्वागत कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरु, प्रमुख कर प्रशासकहरु, निर्देशकहरु, प्रमुख कर अधिकृत लगायतका विभागका सम्पूर्ण कर्मचारीहरुको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा वोल्नुहुँदै विभागका

बाँकी ३ पेजमा....

# महानिर्देशकको सन्देश



**चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रमले निर्धारण गरेको राजस्व असुलीको लक्ष्य हासिल गर्नु विभाग र मातहतका कार्यालयहरूमा कार्यरत कर परिवारको सामुहिक लक्ष्य तथा प्रतिवद्धता हो । वैशाख महिनामा कर संकलन (लक्ष्यको तुलनामा १२१ प्रतिशत) उत्साहजनक भएको छ । आगामी दिनहरूमा समेत थप लगन तथा उच्च कार्यसम्पादन गरी लक्ष्य वमोजिम असुली गर्ने, कराधार विस्तार गर्ने, गुणस्तरीय करदाता सेवा तथा कर कानूनहरूको प्रभावकारी कार्यान्वयन मार्फत करदाताहरूको कर सहभागिता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने आवश्यकता रहेको छ ।**

हामी आर्थिक वर्ष २०७४/७५ को दशौ महिना पूरा गरी एघारौ महिनामा प्रवेश गरेका छौं । आर्थिक वर्षको प्रथम दश महिना (वैशाख महिनासम्म) को राजस्व संकलनको लक्ष्य रु. २३० अर्व तोकिएकोमा रु. २२७ अर्व संकलन भई लक्ष्यको तुलनामा ९९ प्रतिशत प्रगति हासिल भएको छ भने गत वर्षको सोही अवधिको असुलीको तुलनामा यस वर्षको असुलीमा करिव २०.१९ प्रतिशतले वृद्धि भएको छ । शीर्षकगत राजस्व संकलनको अवस्थालाई हेर्दा मू.अ.कर, अन्तःशुल्क, व्याजकर र वहालकर वैशाख महिनासम्मको लक्ष्यको तुलनामा क्रमशः १००, १०७, १२६ र ११६ प्रतिशत असुली भएका छन् भने आयकर, शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा शुल्क को संकलन पौष महिनाको लक्ष्यको तुलनामा क्रमशः ९२, ९१ र ८७ प्रतिशत असुली भएका छन् । समग्र राजस्व संकलन विश्लेषण गर्दा यस आर्थिक वर्षका लागि तोकिएको राजस्व लक्ष्य वमोजिम जम्मा रु २९९ अर्व असुली गर्नुपर्ने अवस्था छ।

चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रमले निर्धारण गरेको राजस्व असुलीको लक्ष्य हासिल गर्नु विभाग र मातहतका कार्यालयहरुमा कार्यरत कर परिवारको सामुहिक लक्ष्य तथा प्रतिवद्धता हो । वैशाख महिनामा कर संकलन (लक्ष्यको तुलनामा १२१ प्रतिशत) उत्साहजनक भएको छ । आगामी दिनहरुमा समेत थप लगन तथा उच्च कार्यसम्पादन गरी लक्ष्य वमोजिम असुली गर्ने, कराधार विस्तार गर्ने, गुणस्तरीय करदाता सेवा तथा कर कानूनहरुको प्रभावकारी कार्यान्वयन मार्फत करदाताहरुको कर सहभागिता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने आवश्यकता रहेको छ। आयकर र मू.अ.करका ननफाईलर र बढ्दै गईरहेको कर बक्यौताका सम्बन्धमा करदाता शिक्षा कार्यक्रम संचालन गरी करदाताको स्वयम् कर सहभागिता अभिवृद्धि गर्ने, आयविवरण प्राप्ति गर्ने, वक्यौता असुली गर्ने कार्यलाई प्राथमिकताका साथ राख्ने, अन्तःशुल्कजन्य पदार्थको उत्पादन, ओसारपसार, भण्डारण तथा वितरण कार्यलाई नियन्त्रण गर्न आकस्मिक निरीक्षण गरी कानून उल्लंघन गरेको फेला परेमा तत्कालै कानून बमोजिम हदै सम्मको कारवाही गर्ने, चालु आ.व.को बांकी अवधिमा बेरुजु फर्छ्यौट तथा सम्परीक्षण कार्यलाई उच्च प्राथमिकतामा राखी लक्ष्य बमोजिम सम्परीक्षण गर्ने तथा सबै कर्मचारीहरुले स्वीकृत आचार संहिताको अक्षरशः परिपालना गर्दै सदाचार, उच्च मनोबल, कार्यकुशलता, पारदर्शिता एवम् जवाफदेहिताका साथ कार्यसम्पादन राजस्व प्रशासनमा कार्यरत सबै मित्रलाई अनुरोध गर्दछु । यसका साथै कर कानूनको पूर्ण कार्यान्वयन र पालनामा उद्योगी, व्यवसायी, पेशाकर्मी लगायत सम्पूर्ण सरोकारवाला पक्षले आआफ्नो क्षेत्रवाट सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा गर्दछु ।

**विष्णु प्रसाद नेपाल**
महानिर्देशक
२०७५, जेठ

पेज १ बाट क्रमश..

# महानिर्देशकको विदाइ तथा स्वागत

उपमहानिर्देशक श्री शंकरप्रसाद खरेलज्यूले महानिर्देशक कार्कीले आन्तरिक राजस्व विभागमा पुऱ्याउनु भएको योगदानको प्रशंसा गर्नुहुँदै विभाग तथा सम्पूर्ण कर्मचारीको तर्फवाट धन्यवाद ज्ञापन गर्नुभयो। निवर्तमान महानिर्देशक कार्कीले संवेदनशील परिस्थितिमा विभागको जिम्मेवारी वहन गर्नुभएको र उहाँले आफ्नो जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्नुभएको पनि वताउनुभयो। यस्तै विदाइ कार्यक्रममा वोल्नुहुँदै महानिर्देशक कार्कीले आफू विभागमा रहँदा सवै कर्मचारीले गरेको सहयोगप्रति आभार व्यक्त गर्नुभयो। आन्तरिक राजस्व विभागबाट आफू विदा भएर गएपनि यस संस्थामा सरुवा भई आउनुभएका महानिर्देशक कर प्रशासनमा लामो अनुभव प्राप्त सक्षम प्रशासक रहेको हुँदा आगामी दिनमा विभागले अझ प्रगति गर्ने आशा व्यक्त गर्नुभयो।

यस्तै स्वागत कार्यक्रममा वोल्नुहुँदै विभागका महानिर्देशक श्री विष्णु प्रसाद नेपालले राजस्व प्रशासनको प्रमुख उद्देश्य कर सहभागितामार्फत राजस्व संकलन रहेकोले समग्र कर प्रशासन त्यसमै केन्द्रित रहने बताउनुभयो। समग्र कर प्रशासन टिम रहेको र सो टिमको सबै सदस्यको सहयोगले मात्र कर प्रशासन सफल हुने धारणा व्यक्त गर्नुभयो। यसका साथै विभागले गरेको स्वागतप्रति धन्यवाद व्यक्त गर्नुहुँदै आगामी दिनमा आफ्नो ध्यान समग्र कर प्रशासनको कार्यसम्पादन अभिवृद्धिका लागि हुने बताउनुभयो।



पेज १ बाट क्रमश..

# राजस्व संकलनमा २०.१९ प्रतिशतले वृद्धि

लक्ष्य रू २९९ अर्व ९१ करोड रहेको छ । बैशाख मसान्तसम्म रू २३० अर्व लक्ष्य रहेकोमा रू २२७ अर्व राजस्व संकलन भई लक्ष्यको तुलनामा ९९ प्रतिशत संकलन भएको छ जुन संकलन गत आ.व.को सोही अवधिको तुलनामा २०.१९ प्रतिशतले बढी हो । आ.व २०७३।०७४ को यसै अवधिसम्म रू १८८ अर्व ८५ करोड संकलन भएको थियो ।

शीर्षकगत रूपमा हेर्दा आयकरतर्फ रू १२४ अर्व ५६ करोड लक्ष्य रहेकोमा रू ११८ अर्व ५६ करोड संकलन भई लक्ष्यको तुलनामा ९५ प्रतिशत संकलन भएको छ । मूल्य अभिवृद्धि करतर्फ रू ५९ अर्व ८२ करोड लक्ष्यमा रू ५९ अर्व ८७ करोड संकलन भएको छ जसमा लक्ष्यभन्दा ५ करोड बढी संकलन भएको छ । अन्त:शुल्कमा रू ४६ अर्व ८५ करोड संकलन भएको छ जुन रू ४३ अर्व ५८ करोड लक्ष्यको १०७ प्रतिशत हुन आँउछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रू ८५ करोड लक्ष्यमा रू ७७ करोड संकलन भई लक्ष्यको तुलनामा ९१ प्रतिशत र स्वास्थ्य सेवा करमा रू १ अर्व १८ करोड लक्ष्य रहेकोमा रू १ अर्व ०२ करोड संकलन भई लक्ष्यको ८७ प्रतिशत संकलन भएको छ ।

त्यस्तै आर्थिक वर्ष २०७४।०७५ को बैशाख महिनाको लक्ष्य रू १८ अर्व रहेकोमा रू २१ अर्व ७३ करोड संकलन भई लक्ष्यको तुलनामा १२१ प्रतिशत संकलन भएको छ । शीर्षकगत रूपमा आयकरतर्फ रू ७ अर्व ५१ करोड लक्ष्य रहेकोमा रू ७ अर्व ६० करोड अर्थात लक्ष्यको १०१ प्रतिशत संकलन भएको छ । मूल्य अभिवृद्धि करतर्फ रू ५ अर्व ९० करोड लक्ष्य रहेकोमा रू ७ अर्व ११ करोड संकलन भएको छ जुन लक्ष्यको १२० प्रतिशत हुन आँउछ । अन्त:शुल्क तर्फ रू ४ अर्व ५२ करोड लक्ष्यमा रू ६ अर्व ९१ करोड संकलन भएको छ जुन लक्ष्यको तुलनामा १५३ प्रतिशत हो । त्यस्तै शिक्षा सेवा शुल्कको लक्ष्य रू २ करोड ९७ लाख रहेकोमा ५ करोड ४१ लाख संकलन भई १८२ प्रतिशत र स्वास्थ्य सेवा करमा २ करोड ५४ लाख लक्ष्यमा रू ५ करोड ८ लाख संकलन भई लक्ष्यको २०० प्रतिशत संकलन भएको छ । यस वर्षको बैशाख महिनाको संकलन गत वर्षको सोही महिनाको संकलनको १३० प्रतिशत हो ।

**२०७४/०७५ बैशाख महिनाको र बैशाखसम्मको प्रगति**　　**रू. हजारमा**

| | यो महिनाको | | | महिनासम्मको | | |
|---|---|---|---|---|---|---|
| शीर्षक | लक्ष्य | प्रगति | प्रगति प्रतिशतमा | लक्ष्य | प्रगति | प्रगति प्रतिशतमा |
| आयकर | ५९८८६८० | ४५४५०४४ | ७६ | ११०७९०५७५ | १०१४८२८१६ | ९२ |
| वहालकर | १४७५९६ | २४८३५९ | १६८ | ३०९९५२० | ३५८३२३५ | ११६ |
| व्याजकर | १३८१६७७ | २८०६१६९ | २०३ | १०६७६५९२ | १३५०१४८६ | १२६ |
| आयकर जम्मा | ७५१७९५३ | ७५९९५७२ | १०१ | १२४५६६६८७ | ११८५६७५३७ | ९५ |
| मू.अ.कर | ५९०८३१७ | ७११८२९० | १२० | ५९८२१७१२ | ५९८७४३४४ | १०० |
| अन्त:शुल्क | ४५२८०२२ | ६९१६३९६ | १५३ | ४३५८२२१२ | ४६७५१३२४ | १०७ |
| शिक्षा सेवा शुल्क | २९७४६ | ५४११७ | १८२ | ८५२७२१ | ७७३७१५ | ९१ |
| स्वास्थ्य सेवा शुल्क | २५४०८ | ५०८५८ | २०० | ११८१४७२ | १०२७०४९ | ८७ |
| जम्मा | १८००९४४६ | २१७३९२३३ | १२१ | २३०००४८०४ | २२६९९३९६९ | ९९ |

# नक्कली अन्त:शुल्क स्टीकर अनुगमन तथा कारवाहीमा तिव्रता

अन्त:शुल्क नियमावली, २०५९ को नियम २९ख, नियम ३० र अन्त:शुल्क निर्देशिका, २०६८ को परिच्छेद ६ ले नेपाल भित्र उत्पादन हुने तथा पैठारी हुने मदिरा उत्पादन वा पैठारी गरी भण्डारण गर्दाका बखत मदिराका प्रत्येक बोतलमा विभागले उपलब्ध गराए बमोजिमका अन्त:शुल्क टिकट टांस गर्नुपर्ने कानुनी प्रावधान गरेको छ। विभागले उपलब्ध गराएका सम्बन्धित शक्ति र साइजका मदिराका स्टीकरसंग मिल्दो जुल्दो देखिने गरी आफूखुसी नक्कली स्टीकर टांसिनु दण्डनीय र अक्षम्य अपराध हो। यस्ता नक्कली स्टीकर टांसिएका मदिरा स्वभावत: अवैध हुने गर्छन। यस सन्दर्भमा नक्कली स्टीकर टांसिएका मदिराको कारोवार भैरहेको भन्ने गोप्य जानकारीका आधारमा सम्बन्धित आन्तरिक राजस्व/करदाता सेवा कार्यालयबाट निरन्तर रूपमा बजार अनुगमन गरी निम्नानुसारका कारवाही गरिएको छ।

१. आन्तरिक राजस्व कार्यालय, भद्रपुर :

आन्तरिक राजस्व कार्यालय, भद्रपुर र करदाता सेवा कार्यालय, दमकको कार्यक्षेत्र अन्तर्गतका करदाताबाट उत्पादन तथा बिक्री भएका शंकास्पद स्टीकर टाँसिएका ५० यु.पी. १८० मि.ली. का ८ कार्टुन मदिरा आन्तरिक राजस्व कार्यालय, जनकपुरको टोलीले र २८ बोतल आन्तरिक राजस्व कार्यालय, लहानको टोलीले बरामद गरेको थियो। विभागीय परीक्षणबाट स्टीकर नक्कली भएको पाइएको थियो। यसै गरी आन्तरिक राजस्व कार्यालय, भद्रपुरको टोलीले एकै ठाउंबाट बरामद गरेको आफ्नै कार्यक्षेत्र अन्तर्गतका अर्को डिष्टिलरीबाट उत्पादन भई बिक्री वितरण भएको शंकाष्पद स्टिकर टांसिएका ५० यु.पी. १८० मि.ली. मदिराको ६१६ कार्टुन बरामद गरेको थियो। फेला परेका ६१६ कार्टुन मध्ये ९ कार्टुनमा स्टिकर नटांसिएको, ५ कार्टुनमा एकपटक प्रयोग भएको स्टिकर पुन: टाँसिएका अवस्थामा थियो। नक्कली स्टीकर टांसिएको मदिरा फेला पारेको सम्बन्धमा थप अनुसन्धानका लागि दिएको विभागीय निर्देशन अनुसार आन्तरिक राजस्व कार्यालय, भद्रपुरबाट दुवै प्रतिष्ठान र तथा आन्तरिक राजस्व कार्यालय, जनकपुर र लहानबाट फर्म, सप्लायर्सको सिलबन्दी गरी अनुसन्धान जारी रहेको छ।

२. आन्तरिक राजस्व कार्यालय, धरान :

बजार अनुगमनका क्रममा आन्तरिक राजस्व कार्यालय, धरानको कार्यक्षेत्र अन्तर्गतका डिष्टिलरीबाट उत्पादन भएका ५० यु.पी. १८० मि.ली. मदिरामा ७० यु.पी. ३०० मि.ली. को अन्त:शुल्क स्टिकर टांस गरिएको ३१ कार्टुन मदिरा आन्तरिक राजस्व कार्यालय, धरानको टोलीले र ७ बोतल मदिरा आन्तरिक राजस्व कार्यालय, लहानको टोलीले बरामद गरेको थियो। फरक शक्ति र साइजको स्टीकरको प्रयोग भएको सम्बन्धमा अनुसन्धानात्मक कारवाहीका लागि भएको विभागीय निर्देशन अनुरूप आन्तरिक राजस्व कार्यालय, धरानबाट प्रतिष्ठान र फर्म सिलबन्दी गरी अनुसन्धान भैरहेको छ।

३. आन्तरिक राजस्व कार्यालय, जनकपुर :

आन्तरिक राजस्व कार्यालय, जनकपुरको कार्यक्षेत्र अन्तर्गतको डिष्टिलरीबाट उत्पादन भएका शंकाष्पद स्टीकर टांसिएका ५० यु.पी. १८० मि.ली. मदिरा ६६९ कार्टुन करदाता सेवा कार्यालय, टंगालको टोलीले र १२ बोतल मदिरा करदाता सेवा कार्यालय, नयां बानेश्वरले बरामद गरेको थियो। यसै गरी, आन्तरिक राजस्व कार्यालय, जनकपुरको कार्यक्षेत्र अन्तर्गतको अर्को डिष्टिलरीबाट उत्पादन भएका शंकाष्पद स्टिकर टांसिएका ५० यु.पी. १८० मि.ली. मदिरा २६ कार्टुन मदिरा करदाता सेवा कार्यालय, नयां बानेश्वरको टोलीले बरामद गरेको थियो। विभागीय परीक्षणबाट स्टिकर नक्कली भएको पाइएको थियो। नक्कली स्टीकरको प्रयोग गरी मदिरा उत्पादन र बिक्री वितरण गरेको भन्ने सम्बन्धमा आन्तरिक राजस्व कार्यालय, जनकपुरबाट प्रतिष्ठान र करदाता सेवा कार्यालय, टंगाल र नयांबानेश्वर बाट सम्बन्धित फर्म सिलबन्दी गरी अनुसन्धान भैरहेको छ।

४. आन्तरिक राजस्व कार्यालय, भक्तपुर :

आन्तरिक राजस्व कार्यालय, भक्तपुरको कार्यक्षेत्र अन्तर्गतको डिष्टिलरीबाट उत्पादन भएका शंकाष्पद स्टीकर टांसिएका ५० यु.पी. १८० मि.ली. मदिरा ७० कार्टुन करदाता सेवा कार्यालय, नयां बानेश्वरको टोलीले बरामद गरेको थियो। विभागीय जांचबुझबाट स्टीकर नक्कली भएको पाइएको

थियो । नक्कली स्टीकरको प्रयोग गरी मदिरा उत्पादन र बिक्री वितरण गरेको भन्ने सम्बन्धमा अनुसन्धानात्मक कारवाहीका लागि भएको विभागीय निर्देशन अनुरूप आन्तरिक राजस्व कार्यालय, भक्तपुरबाट प्रतिष्ठान र करदाता सेवा कार्यालय, नयां बानेश्वरबाट फर्म सिलबन्दी गरी अनुसन्धान भैरहेको छ ।

५. करदाता सेवा कार्यालय, बालाजु :

करदाता सेवा कार्यालय, बालाजुको कार्यक्षेत्र अन्तर्गतको डिष्टिलरीबाट उत्पादन भएका शंकाष्पद स्टीकर टांसिएका ५० यु.पी. १८० मि.ली. मदिरा १६ बोतल आन्तरिक राजस्व कार्यालय, धरानले तथा ३ बोतल आन्तरिक राजस्व कार्यालय, भद्रपुरले बरामद गरेको थियो । आन्तरिक राजस्व कार्यालय, धरानबाट फेला परेका ५० यु.पी. १८० मि.ली. को मदिरामा ७० यु.पी. ३०० मि.ली को स्टीकर टांस भएको थियो भने आन्तरिक राजस्व कार्यालय, भद्रपुरबाट फेला परेको स्टीकर नक्कली भएको प्रमाणित भएको थियो । फरक शक्तिको स्टिकर टांसिएको तथा नक्कली स्टीकरको प्रयोग गरी मदिरा उत्पादन र बिक्री वितरण गरेको भन्ने सम्बन्धमा आन्तरिक राजस्व कार्यालय, धरान र भद्रपुरबाट फर्म तथा करदाता सेवा कार्यालय, बालाजुबाट प्रतिष्ठान सिलबन्दी गरी अनुसन्धान भैरहेको छ ।

६. आन्तरिक राजस्व कार्यालय, भैरहवा:

आन्तरिक राजस्व कार्यालय, भैरहवाको कार्यक्षेत्र अन्तर्गतको एक डिष्टिलरीबाट उत्पादन तथा बिक्री वितरण भएका शंकाष्पद स्टीकर टांसिएका ५० यु.पी. १८० मि.ली. मदिरा १३ बोतल करदाता सेवा कार्यालय, नयां बानेश्वरको टोलीले बरामद गरेको थियो । विभागिय जांचबुझबाट स्टीकर नक्कली भएको पाइएको थियो । नक्कली स्टीकरको प्रयोग गरी मदिरा उत्पादन र बिक्री वितरण गरेको भन्ने सम्बन्धमा आन्तरिक राजस्व कार्यालय, भैरहवाबाट प्रतिष्ठान र करदाता सेवा कार्यालय, नयांबानेश्वर बाट फर्म सिलबन्दी गरी अनुसन्धान भैरहेको छ ।

७. आन्तरिक राजस्व कार्यालय, सिमरा :

आन्तरिक राजस्व कार्यालय, सिमराको कार्यक्षेत्र अन्तर्गतको एक डिष्टिलरीबाट उत्पादन भई बिक्री वितरण भएका शंकाष्पद स्टीकर टांसिएका ५० यु.पी. १८० मि.ली. मदिरा ३ बोतल आन्तरिक राजस्व कार्यालय, भद्रपुरको टोलीले बरामद गरेको थियो । विभागीय परिक्षणबाट स्टिकर नक्कली भएको पाइएको थियो । नक्कली स्टिकरको प्रयोग गरी मदिरा उत्पादन र बिक्री वितरण गरेको भन्ने सम्बन्धमा अनुसन्धानात्मक कारवाहीका लागि भएको विभागीय निर्देशन अनुरूप आन्तरिक राजस्व कार्यालय, सिमराबाट प्रतिष्ठान र आन्तरिक राजस्व कार्यालय, भद्रपुरबाट फर्म सिलबन्दी गरी अनुसन्धान भैरहेको छ ।

८. आन्तरिक राजस्व कार्यालय, भैरहवा:

आन्तरिक राजस्व कार्यालय, भैरहवाको च.नं. १३६५ मिति २०७४।१२।०७ को पत्रसाथ प्राप्त हुन आएको "रूपन्देही जिल्ला रोहिणी गाउंपालिका वडा नं. ४ को सडक खण्डमा भारतीय नं. प्लेटको गाडीमा फेलापरेको भनी जिल्ला प्रहरी कार्यालय, रूपन्देहीको प.सं. ४४४२ मिति २०७४।१२।०७ को पत्रबाट प्राप्त हुन आएका शंकाष्पद भनिएका" अन्त:शुल्क स्टीकर २० थान विभागीय परीक्षणबाट नक्कली भएको ठहर भएको हुंदा अनुसन्धानात्मक कारवाहीका लागि आन्तरिक राजस्व कार्यालय, भैरहवालाई विभागीय निर्देशन भएको तथा आन्तरिक राजस्व कार्यालय, भैरहवाबाट अनुसन्धान भैरहेको छ ।


नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौंको

**भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा भुक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ । साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा ब्याज लाग्ने कानूनी व्यवस्था रहेको छ । तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भूक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ ।

# आन्तरिक राजस्व विभागद्वारा अनुगमन



कार्यालय अनुगमनका क्रममा निर्देशन दिनुहुँदै श्रीमान उ.म.नि. शंकर प्रसाद खरेल

आन्तरिक राजस्व विभागले आ. व. २०७३/०७४ र आ.व. २०७४/०७५ को कार्यसम्पादनको अनुगमन मूल्यांकन गर्ने सिलसिलामा विभिन्न कार्यालयहरुको स्थलगत निरीक्षण गरेको छ। विभागले अनुगमनको सिलसिलामा माघ महिनामा आन्तरिक राजस्व कार्यालय भद्रपुर, विराटनगर, धरान, लहान, भक्तपुर तथा करदाता सेवा कार्यालय इलाम, दमक र गाईघाटको अनुगमन कार्य सम्पन्न भएको थियो। यस्तै फागुन महिनामा आन्तरिक राजस्व कार्यालय जनकपुर तथा करदाता सेवा कार्यालय, बर्दिवास अनुगमनको क्रममा पनि निर्देशन दिईएको थियो। आन्तरिक राजस्व कार्यालय भैरहवा, बुटवल, दाङ, कृष्णनगर, वीरगञ्ज, सिमरा, हेटौंडा, भरतपुर, करदाता सेवा कार्यालय पाल्पाको चैत्र महिनामा अनुगमन गरिएको थिया। ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर र आन्तरिक राजस्व कार्यालय पोखराको २०७५ बैशाख महिनामा अनुगमन गरी थप कार्य सम्पादनको लागि कार्यालयमा कार्यरत कर्मचारीहरुलाई विभागीय निर्देशन दिईएको थियो।

आन्तरिक राजस्व विभागका महानिर्देशक, उपमहानिर्देशक, निर्देशक तथा शाखा अधिकृतहरुको विभिन्न टोलीले अनुगमनका क्रममा कार्यमूलक परिसूचकहरुको लक्ष्य र प्रगतिको अवस्था, प्रोत्साहन भत्ता, राजस्व असुली लगायतका कार्यहरुको प्रगतिको अवस्था र गुणस्तरका विषयमा अनुगमन गरी कमी कमजोरी औंल्याउने र सुधारका लागि गर्नुपर्ने कार्यगत र नीतिगत विषयका सम्बन्धमा निर्देशन दिईएको थियो । निर्देशनका क्रममा दैनिक सम्पादन गरिने कार्यलाई प्रभावकारी बनाउदै कर सहभागिता अभिवृद्धि गर्नको लागि करदातामैत्री व्यवहार गरी राजस्व प्रशासनलाई समयानुकूल परिवर्तन गर्दै लैजान र सदाचार पद्दति अवलम्बन गर्दै कार्य सम्पादनलाई अझ बढी करदाता मैत्री बनाउन जोड दिईएको थियो।

# नेपाल सरकार तथा GIZ वीच नयाँ कार्यान्वयन सम्झौता (Implementation Agreement) सम्पन्न

आन्तरिक राजस्व विभाग र GIZ वीच सन् २०१८ अप्रिल देखि सन् २०२१ मार्चसम्मका लागि Revenue Administration Support (RAS) को दोस्रो अवधिका लागि नयाँ कार्यान्वयन सम्झौता (Implementation Agreement) भएको छ ।

नेपाल सरकार र जर्मन सरकारबीच मिति 30 May, 1974 मा भएको सम्झौता तथा 17 Feb, 2000 मा सो सम्झौतामा भएको संशोधनका आधारमा द्विपक्षीय विकास सहायताका लागि गरिएका वार्ताका आधारमा विविध प्राथमिकताका क्षेत्र पहिचान गरी सहायता प्राप्त गरिँदै आइरहेको थियो । यसै सम्बन्धमा आन्तरिक राजस्व प्रशासनको क्षमता अभिवृद्धि गरी राजस्व प्रशासनलाई अझ प्रभावकारी बनाउनका लागि कार्यरत Revenue Administration Support (RAS) आयोजना (Project) पछिल्लो पटक July, 2013 देखि December, 2017 सम्मका लागि सञ्चालन हुनेगरी भएको सम्झौता (Implementation Agreement) बमोजिम सञ्चालन भएको र सो को पुन: ३ महिना अवधि थप भई सन् 2018 मार्चमा आयोजना अवधि समाप्त भएको थियो ।

नेपाल सरकार र जर्मन सरकारबीच २२ र २३ November २०१६ मा भएको वार्ता तथा २३ November मा भएको सम्झौतामा New Commitment in the priority area of the Promotion of Sustainable Economic Development and Trade अन्तर्गत RAS Project को समय थप गरी विविध कार्य गर्ने भनी उल्लेख भई आन्तरिक राजस्व विभाग र GIZ बीच May-June, 2017 मा भएको Programme Evaluation and Appraisal विषयमा विगतको कार्यको समीक्षा तथा भविष्यको लागि कार्यदिशा (Framework) तयार गरी चारवटा सहयोगका क्षेत्र पहिचान भएको थियो । सो बमोजिमका भावी कार्यदिशा तथा उद्देश्यको आधारमा भएको सम्झौताले पारदर्शी, प्रभावकारी तथा सेवामुखी कर प्रणाली सृजना गर्ने लक्ष्य राखेको छ । उक्त सम्झौतामा कर अधिकृतहरुको क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गर्ने, कर कानून परिपालनाको लागत घटाउन करदातामुखी विविध कार्य गर्ने, सुचना प्रविधि सुरक्षाका लागि कार्य गर्ने तथा करसंहिता सम्बन्धमा छलफल तथा वहसका लागि विभिन्न फोरम सृजना गरी जानकारी गराउने कार्य गर्ने कुरा उल्लेख छ ।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभाग**
**लाजिम्पाट, काठमाडौंको**

**मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरूले आफ्नो कारोवार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राईस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना**

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेल्फप्राईस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# प्रशिक्षक प्रशिक्षण (Training of Trainers) सम्पन्न



श्रीमान महानिर्देशक र GIZ प्रतिनिधि सँग मा TOT सहभागि कर्मचारीहरु

आन्तरिक राजस्व विभाग र GIZ Revenue Administration Support -RAS_Project को संयुक्त आयोजनामा मिति २०७४ चैत्र ५ गते देखि चैत्र (गतेसम्म पाँच दिन प्रशिक्षक प्रशिक्षण (Training of Trainers) सम्पन्न भएको छ । आन्तरिक राजस्व प्रशासनको समग्र क्षमता अभिवृद्धिका लागि विभागले प्रशासन गर्ने ऐन नियमहरु, निर्देशिका एवं कार्यविधिहरु तथा विभागले प्रयोगमा ल्याएका सूचना प्रविधिका सम्बन्धमा राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरुलाई नियमित रुपमा तालिम प्रदान गर्नुपर्ने आवश्यकता रहने तथा त्यस्ता तालिमहरु राजस्व प्रशासनमा रहेका अनुभवी एवं वरिष्ठ कर्मचारीहरुलाई नै श्रोत व्यक्तिको रुपमा परिचालन गर्दा तालिम प्रभावकारी हुने भएकाले त्यस्ता जनशक्ति उत्पादन गर्न प्रशिक्षकका लागि प्रशिक्षण (Training of Trainers) सञ्चालन गरिएको थियो ।

उक्त तालिम कार्यक्रममा विभिन्न आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत तथा आन्तरिक राजस्व विभागका निर्देशकहरुको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा तालिमको आवश्यकता पहिचान गर्ने देखि तालिम समापन गरिसकेपछि सोको पृष्ठपोषणसम्मका विविध पक्षहरु समेटिएको थियो। कार्यक्रमको समापनमा विभागका महानिर्देशक किशोरजङ्ग कार्कीले तालिमले प्रशिक्षक तयार गरेको र तयार भएका प्रशिक्षकले विभागको आवश्यकता अनुसारको तालिम सञ्चालन गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो। Revenue Administration Support (RAS) Project का प्रमुख प्राविधिक सल्लाहकार Dr. Aleksandar Dragojlovic ले आन्तरिक राजस्व विभागको आवश्यकताअनुसार सञ्चालन गरिएको प्रशिक्षण कार्यक्रम सफल भएकोमा आफू खुशी भएको तथा आगामी दिनमा पनि विभागको आवश्यकता अनुसार थप कार्यक्रमहरु सञ्चालन गर्न Project को तर्फबाट सहकार्य गरिने व्यहोरा उल्लेख गर्नुभयो । कार्यक्रमको समापनमा विभागका महानिर्देशक तथा RAS Project का प्राविधिक सल्लाहकारद्वयले प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

नेपाल सरकार
अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौंको

### मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५०००।- (पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुप्मा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ ।

## अन्तरिक राजस्व कार्यालय दाङ

# आ.रा.का. दाङद्वारा बजार अनुगमन तथा अवैध मदिरा नियन्त्रणमा तिव्रता

आन्तरिक राजस्व कार्यालय, तुलसीपुर दाङले अवैध मदिरा नियन्त्रण तथा वजार अनुगमनमा तिव्रता दिएको छ । अवैध मदिरा नियन्त्रण गर्ने क्रममा दाङ जिल्लाको तुलसीपुर तथा नारायणपुर क्षेत्रमा विना इजाजत मदिराजन्य वस्तुको कारोवार गरिरहेका पसलहरूको अनुगमन गरी आठ वटा पसलवाट मदिराहरू जफत गरी जरिवाना गरिएको छ । त्यसैगरी सल्यान जिल्लाको कपुरकोट, लुहाम, खलंगा एवं श्रीनगर लगाएतका क्षेत्रवाट स्थानीय प्रहरी प्रशासनको सहयोगमा अन्दाजी १५०० लिटर अवैध घरेलु मदिरा जफत गरी नष्ट गरिएको छ । यस कार्यलाई अझ वढी प्रभावकारी बनाउन आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत श्री बाबुराम गौतमको संयोजकत्वमा कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख कोष नियन्त्रक, जिल्ला प्रशासन कार्यालय, शारदा नगरपालिका, जिल्ला प्रहरी कार्यालय तथा सल्यान उद्योग वाणिज्य संघका अधिकृत प्रतिनिधिहरू समेतको बैठकवाट जिल्लास्थित अवैध मदिरा नियन्त्रण समिति समेत गठन गरी यस कार्यलाई अझ वढी प्रभावकारी वनाउन सुरक्षा निकाय,स्थानीय बासिन्दा, नगरपालिका,संचारकर्मी,एवं व्यवसायीहरूले आ आफ्नो क्षेत्रवाट अझ वढी सक्रिय भूमिका खेल्नुपर्ने कुरामा जोड दिईएको थियो ।





अनुगमनका क्रममा वरामत गरिएका मदिरा


कर छलीको सूचना दिई सचेत नागरिकको परिचय दिऔं ।

# आन्तरिक राजस्व कार्यालय, दाङ्गद्वारा कर शिविरहरू संचालन

आन्तरिक राजस्व कार्यालय, दाङले राप्ती अन्चलका विभिन्न व्यवसायिक स्थलहरूमा कर शिविरहरू संचालन गरेको छ । सल्यान जिल्लाको थारमारे, श्रीनगर,सल्लीवजार, कपुरकोट तथा दाङ जिल्लाको गढवा, कालाकाटे,लमही, भालुवादाङ, सिसनियामा स्थानीय उद्योग वाणिज्य संघ समेतको संयोजनमा कर शिविर एवं करदाता शिक्षा कार्यक्रमहरू संचालन गरिएको थियो । आयविवरणहरू वुझ्ने, कर रकम वुझ्ने, स्थायी लेखा नं. प्रमाणपत्र प्रदान गर्ने, अन्तशुल्क प्रमाणपत्र नवीकरण तथा नया जारी गर्ने, तथा करमा दर्ता भएपछि जान्नैपर्ने कर कानुनका महत्वपुर्ण विषयहरूका सम्वन्धमा कर शिक्षा समेत प्रदान गरिएको थियो । यस्ता शिविरहरू नियमित हुनुपर्ने कुरामा स्थानीय व्यवसायी एवं उद्योग वाणिज्य संघका पदाधिकारीहरूले जोड दिनुभएको थियो भने कार्यालय प्रमुख श्री बाबुराम गौतमले कर कानुनको पालना गर्नु सबैको कर्तव्य भएको र व्यवसायीको आवश्यकता र माग वमोजिम यस प्रकारका कार्यक्रमहरूलाई निरन्तरता दिईने कुरामा जोड दिनुभएको थियो ।





आ.रा.का. दाङद्वारा सञ्चालित कर शिविर

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

## मदिराजन्य र सूर्तीजन्य वस्तुको विक्री वितरण सम्वन्धी सूचना

अन्तःशुल्क ऐन, २०५८ वमोजिम होटल तथा रेष्टुरेन्ट व्यवसायी बाहेक मदिराको कारोवार गर्ने व्यवसायीले मदिरा र सूर्तीजन्य वस्तुको मात्र कारोवार गर्न पाउने व्यहोरा सवैलाई विदितै छ । उक्त व्यवस्था एवं देहायका शर्तहरुको पूर्ण परिपालना गर्नु गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. इजाजतपत्र लिएर मात्र सूतीर्जन्य र मदिराजन्य वस्तुको कारोवार गर्ने,
२. ऐनले तोकेको म्यादभित्र इजाजतपत्र नवीकरण गर्ने,
३. इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्ने,
४. बिहान १० बजे देखि राति १० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्नुपर्ने,
५. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न नपाइने,
६. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको वीजक राख्नुपर्ने
७. अन्तःशुल्क स्टीकर टांस भएका मदिराजन्य तथा सूर्तीजन्य वस्तु मात्र बिक्री गर्नुपर्ने,

अन्तःशुल्क टिकट टाँस नभएको मदिराजन्य तथा सूर्तीजन्य वस्तु खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरिवाना गरिनुका साथै कसैले अन्तःशुल्क ऐन २०५८ को वर्खिलाप हुने गरी अन्य वस्तु संगै मदिराजन्य वस्तु बिक्री वितरण गरेमा पहिलो पटक रु १०,००० (दशहजार) र त्यसपछि प्रत्येक पटकको लागि रु २०,००० (विसहजार) जरिवाना हुने व्यहोरा समेत जानकारी गराइन्छ । अतः उक्त कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी सजायवाट वचौ । कसैले यस व्यवस्था विपरित व्यवसाय गरेको देखिएमा आन्तरिक राजस्व विभाग तथा नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा नियन्त्रक कार्यालयमा जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ ।

# बेरुजु संपरीक्षण गर्ने निर्देशन

आन्तरिक राजस्व विभागका श्रीमान् महानिर्देशकज्यू तथा उपमहानिर्देशकहरुले कार्यालय प्रमुखलाई बेरुजु संपरीक्षणको कार्यलाई तदारुकता दिन र विभागको बेरुजु लगतसँग कार्यालयको बेरुजु लगत भिडान गर्न निर्देशन दिनुभएको छ। निर्देशनमा फर्छ्यौटको वार्षिक लक्ष्य बमोजिम प्रगति हाँसिल गर्नको लागि बेरुजुको प्रगति विश्लेषण एवम् वर्गीकरण गरी गुणात्मक कार्य सम्पादन गर्न तथा बेरुजु फर्छ्यौटलाई प्राथमिकताको क्रममा राखी कार्य सम्पादन गर्नुपर्ने व्यहोरा उल्लेख गरिएको थियो। कार्यालयहरुको कुल बेरुजु मध्ये ९० प्रतिशत बेरुजु महालेखा परीक्षकको कार्यालयमा संपरीक्षणको लागि लेखी पठाउने र ८० प्रतिशत बेरुजु संपरीक्षण गर्ने सम्बन्धमा कार्यालय प्रमुखहरुबाट समय सीमा भित्रै कार्य सम्पादन गर्ने विषयमा प्रतिवद्धता समेत जनाउनु भयो।

आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुको कुल बेरुजु रु. ४० अर्ब ६० करोड ५६ लाख ३३ हजार मध्ये मिति २०७५ जेठ ८ सम्म रु. १३ अर्ब ८ करोड ४४ लाख ७७ हजार अर्थात ३२.२ प्रतिशत बेरुजु फर्छ्यौट भएको छ। श्रीमान् महानिर्देशकज्यूबाट बेरुजु फर्छ्यौटको कार्यलाई तिव्रता दिन निर्देशन भए बमोजिम यस आर्थिक वर्षमा अझैकेही समय बाँकी रहेको अवस्थामा आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयहरुले बेरुजु फर्छ्यौटको कार्यलाई निरन्तर रुपमा अगाडी बढाइरहेका छन्।

**२०७५ जेठ ८ गते सम्मको बेरुजुको प्रगति विवरण** रु. हजारमा

| क्र.सं. | कार्यालयको नाम | जम्मा बेरूजु | कुमारी चोकबाट लगत कट्टा र मलेपबाट कुल जम्मा | संपरीक्षण % |
|---|---|---|---|---|
| १ | आ.रा. विभाग | ८९२०८ | २१३५९ | २३.९% |
| | आ.रा.विभाग धरौटी | ३२३५२ | ० | ०.०% |
| २ | आ.रा.का.भद्रपुर | १९०२९ | ६२३८ | ३२.८% |
| ३ | आ.रा.का.धरान | १०८४३० | २३०१८ | २१.२% |
| ४ | आ.रा.का.विराटनगर | २००३१३ | ९२९४७ | ४६.४% |
| ५ | आ.रा.का.लाहान | ५८४७३ | १५३५९ | २६.३% |
| ६ | आ.रा.का जनकपुर | ३०७६९ | ९२०७ | २९.९% |
| ७ | आ.रा.का.सिमरा | ६२०३६ | २८३९७ | ४५.८% |
| ८ | आ.रा.का.विरगञ्ज | १२८४३९ | ३७७४७ | २९.४% |
| ९ | आ.राका.हेटौंडा | ६९१०२ | ३४११३ | ४९.४% |
| १० | आ.रा.का.भरतपुर | २४५३५७ | ४६१५४ | १८.८% |
| ११ | आ.रा.का.क्षेत्रनं.१ | ४७२७७२ | ११५२८२ | २४.४% |
| १२ | आ.रा.का.,क्षेत्रनं.२ | ३०६०४८ | ९६७२५ | ३१.६% |
| १३ | आ.रा.का.,क्षेत्रनं.३ | ३३९८७२ | १७०७१२ | ५०.२% |
| १४ | आ.रा.का.ललितपुर | २९०४२५ | ८८०१८ | ३०.३% |
| १५ | आ.रा.का.भक्तपुर | २००५९२ | ७६५७६ | ३८.२% |
| १६ | आ.रा.का.,पोखरा | ८७४९६ | २३९४८ | २७.४% |
| १७ | आ.रा.का.बुटबल | ७००६० | २४८४० | ३५.५% |
| १८ | आ.रा.का.भैरहवा | १६५५०५ | १४४६३ | ८.७% |
| १९ | आ.रा.का.कृष्णनगर | २५५० | २३५७ | ९२.४% |
| २० | आ.रा.का.,दाङ | ० | ० | ०.०% |
| २१ | आ.रा.का.नेपालगन्ज | ७३०७४ | २०५७१ | २८.२% |
| २२ | आ.रा.का.धनगढी | १६३२१ | १३९३३ | ८५.४% |
| २३ | आ.रा.का,महेन्दनगर | १२२३ | १२०९ | ९८.९% |
| २४ | ठुला करदाता कार्यालय | २३६४१०१ | २२४५०० | ९.५% |
| | ठुला करदाताकार्यालय | ३२०९८७६२ | ११५७८४८५ | ३६.१% |
| २५ | क.से.का.कोटेश्वर | ३७७४४ | १७५९५ | ४६.६% |
| २६ | क.से.का.चावहिल | १२७६५२ | ० | ०.०% |
| २७ | क.से.का.बत्तिसपुतली | ८८४७ | ८८७ | १०.०% |
| २८ | क.से.का.नयाँबानेश्वर | १००७७२१ | ९६५२ | १.०% |
| २९ | क.से.का.पुतलीसडक | ३८८८६८ | ९२५६ | २.४% |
| ३० | क.से.का.त्रिपुरेश्वर | ५००३२८ | ९६२१ | १.९% |
| ३१ | क.से.का.नयाँसडक | २१२७७१ | ६१६७८ | २९.०% |
| ३२ | क.से.का ठमेल | १२४४१ | ३०१ | २.४% |
| ३३ | क.से.का.महाराजगञ्ज | २५५८२ | ८६२५ | ३३.७% |
| ३४ | क.से.का.बालाजु | १४२९३६ | २९८७२ | २०.९% |
| ३५ | क.से.का कालीमाटी | १८९५५० | ० | ०.०% |
| ३६ | क.से.का.कलंकी | २५१९९४ | १३२९७६ | ५२.८% |
| ३७ | क.से.का.टंगाल | १६६८९० | ३७८५६ | २२.७% |
| | **जम्मा** | ४०६०५६३३ | १३०८४४७७ | ३२.२५% |

# करदाता सेवा कार्यालय इटहरीको नयाँ भवन उद्घाटन सम्पन्न

मिति २०७४ माघ २८ गते आइतवार करदाता सेवा कार्यालय इटहरीको नवनिर्मित भवन माननीय अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्की ज्यूबाट समुद्घाटन भएको थियो । आन्तरिक राजस्व विभागका महानिर्देशक किशोरजंग कार्की ज्यू विशेष अतिथिको रुपमा उपस्थित रहनु भएको उक्त कार्यक्रममा सुनसरी जिल्लाका विभिन्न सरकारी कार्यालयहरुको प्रमुख उद्योग वाणिज्य संघहरुको अध्यक्ष एवं पदाधिकारीहरुका साथै सुनसरी भन्सार, मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतहरु, आन्तरिक राजस्व कार्यालय विराटनगर र भद्रपुरका प्रमुख कर अधिकृतहरु, राजस्व अनुसन्धान पूर्व क्षेत्रीय कार्यालय इटहरीका प्रमुख अनुसन्धान अधिकृत, विभिन्न संचार माध्यमका संचारकर्मीहरुका साथै सर्वसाधारण जनताहरुको समेत भव्य उपस्थिति रहेको थियो ।







नवनिर्मित भवन




उद्घाटन समारोहमा मा. मन्त्रीज्यू र श्रीमान् महानिर्देशकज्यू

करदाता सेवा कार्यालय इटहरीका कार्यालय प्रमुख,कर अधिकृत भोगीराज राईले संचालन गर्नु भएको समुद्घाटन कार्यक्रममा माननीय अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्की, आन्तरिक राजस्व विभागका महानिर्देशक किशोरजंग कार्की एवं उद्योग वाणिज्य संघहरुको तर्फबाट उद्योग वाणिज्य संघ इटहरीका सचिव शैलेश विष्टले मन्तव्य राख्नु भएको थियो ।

करदाता सेवा कार्यालय इटहरीको नयाँ भवन आन्तरिक राजस्व कार्यालय धरानको पहलमा मू.अ.कर बाहेक रु २ करोड ४४ लाख २९ हजार १ सय ९१ रुपैया ५८ पैसा र मू.अ.कर रु ३१ लाख ७५ हजार ७ सय ९५ रुपैया गरी जम्मा रु २ करोड ७६ लाख ४ हजार ९ सय ८६ रुपैया ५८ पैसा लागतमा निर्माण सम्पन्न भएको हो । कुल २ कठ्ठा २-१-४ धुर जग्गामा बनेको भवनको कुल क्षेत्रफल ९९२.४९ (भुई तल्ला २८४.९० पहिलो तल्ला २६६.७२ दोस्रो तल्ला २५१.३० र तेस्रो तल्ला १८९.५७) वर्ग मि. रहेको छ भने कुल १७ वटा विभिन्न प्रयोजनका कोठाहरु रहेका छन् ।

२०७४ पौष मसान्त सम्मको अभिलेख अनुसार करदाता सेवा कार्यालय इटहरीले व्यवसायिक र व्यक्तिगत गरी २८२१० करदातालाई सेवा प्रवाह गरिरहेको छ । कुल व्यवसायिक स्थायी लेखा नम्वर लिएका करदाता मध्ये २५१९ मू.अ.करमा दर्ता भई तथा १३४९ करदाता अन्तशुल्कमा दर्ता भई कारोवार गरिरहेका छन् ।

४४१५८०२
फोन नं.: ४४१५८०३,४४१९७१९,४४१४५६४
एक्सटेन्सन २२०, २१७
Website: www.ird.gov.np
फ्याक्स नं. ४४११७८८
लाजिम्पाट, काठमाण्डौं

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
# आन्तरिक राजस्व विभाग
**( नीति विश्लेषण शाखा )**

प.सं.: २०७४/७५
च.नं.:

मितिः २०७४।१२।१९

**विषयः घर वहाल कर सम्बन्धमा ।**

श्री ठूला करदाता कार्यालय,
श्री आन्तरिक राजस्व कार्यालय सबै,
श्री करदाता सेवा कार्यालय सबै ।

प्रस्तुत विषयमा घर वहाल कर संकलन गर्ने विषयमा नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७४।१२।१२ मा तपसिलमा उल्लेख भएबमोजिमको निर्णय भएको व्यहोरा श्री अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा को पत्र सं.०७४।७५, च.नं.७२३, मिति २०७४।१२।१५ को पत्रबाट प्राप्त भएको हुँदा सो निर्णय कार्यान्वयन गर्ने गराउने व्यवस्थाको लागि निर्देशानुसार अनुरोध छ ।

**मन्त्रिपरिषदको निर्णयः**

क) आ-आफ्नो क्षेत्राधिकार भित्रका प्रकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा लाग्ने घर बहाल कर नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ र प्रचलित कानूनको अधिनमा रहि सम्बन्धित स्थानीय तहहरुले संकलन गर्ने र आन्तरिक राजस्व कार्यालयहरुले भाडा बापतको आयमा आयकर संकलन नगर्ने ।

ख) स्थानीय तहलाई घर बहाल कर तिरेका प्राकृतिक व्यक्तिहरुले आर्जन गरेको घर बहाल आयमा संघीय सरकारलाई तिर्न बुझाउन पर्ने चालु आर्थिक वर्षको आयकर आर्थिक ऐन,२०७४ को दफा १९ बमोजिम छुट दिने ।

ग) यस प्रकार घर बहाल कर स्थानीय तहले संकलन गर्ने हुँदा गत विगत वर्षको लगत समेत करदाताको स्थायी ठेगाना रहेको स्थानीय तहमा आन्तरिक राजस्व कार्यालयहरुले हस्तानान्तरण गर्ने ।

घ) घर बहाल कर संकलन गर्ने निकायबाटै त्यस्तो कर तिर्नेको आय प्रमाणित गर्ने ।

प्रमोद कुमार श्रीवास्तव
(शाखा अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
( नीति विश्लेषण शाखा )

४४१५८०२
फोन नं.: ४४१५८०३,४४१९७१९,४४१४५६४
एक्सटेन्सन २२०, २१७
Website: www.ird.gov.np
फ्याक्स नं. ४४११७८८
लाजिम्पाट, काठमाण्डौं

च.नं.: मितिः २०७५।०१।११

विषयः निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा।

श्री ठूला करदाता कार्यालय,
श्री आन्तरिक राजस्व कार्यालय सबै,
श्री करदाता सेवा कार्यालय सबै ।

प्रस्तुत विषयमा चिनीको भन्सार महसूल वृद्धि गर्ने सम्बन्धमा श्री अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखाको पत्र सं.०७४।७५, च.नं.८१०, मिति २०७५।०१।०६ को पत्र तथा सो पत्रसाथ संलग्न नेपाल सरकार, मन्त्रिपरिषद् को मिति २०७५।०१।०४ को निर्णय अनुसार देहाय बमोजिमको विषयमा तहाँसगँ सम्बन्धित चिनी उद्योगको अनुगमन तथा परीक्षण गर्ने व्यवस्थाको लागि निर्देशानुसार अनुरोध छ ।

क) चिनी उत्पादन गर्ने उद्योगहरुले खरिद गरी क्रसिङ्ग गरेको उखुको परिमाण ती उद्योगहरुले गरेको उत्पादनको परिमाणको बीचमा परीक्षण गर्ने । ती उद्योगहरुलाई प्रदान गरिदै आएको मूल्य अभिवृद्धि कर बापतको रकम फिर्ता गर्दा उपयुक्त विषयको परीक्षण अनिवार्य रुपमा गर्ने ।

ख) चिनी उद्योगहरुले आफ्नो जडान क्षमताको उपयोग, खरिद गरेको उखु र उत्पादित चिनीको परिमाणबीच समान्जस्य भए नभएको समेत नियमित रुपमा अनुगमन तथा परिक्षण गर्ने ।

प्रमोद कुमार श्रीवास्तव
(शाखा अधिकृत)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

# एस.एम.एस. सेवा शुरु भएको सम्बन्धी सूचना

आन्तरिक राजस्व विभागले संचालनमा ल्याएको एस.एम.एस. प्रणालीबाट तपशील बमोजिमका सेवाहरु प्रदान गरिएका छन् । Registration info र Help बाहेक अन्य सेवाहरु सम्बन्धीत स्थायी लेखा नम्बरको एकीकृत कर प्रणालीमा रहेको मोबाइल नम्बरबाट मात्र उपलब्ध हुने व्यवस्था गरिएको छ ।

**तपशील**

| S.N. | Service Name | Method | Response |
|---|---|---|---|
| 1 | Registration Info (Available to public) | Type REG PAN and SMS to 32024(E.g. REG 304567895) | ABC Company Pvt. Ltd IT Reg: 2064.09.08 VAT Reg: 2064.09.08 |
| 2 | Estimate Return Status | Type EST PAN FiscalYear and SMS to 32024 (eg. EST 304567895 2071.072) | Estimated Returns For Period 2071.072 is Submitted. |
| 3 | IT Return Status | Type RETIT PAN FiscalYear and SMS to 32024(e.g. RETIT 304567895 2071.072) | IT Returns For FY 2071.072 Has Been Submitted. |
| 4 | VAT Return Status | type RETVAT PAN TaxYear PeriodType Period and SMS to 32024(e.g. RETVAT 304567895 2073 M 1) | VAT Returns For Period 2071 M 1Has Been Submitted. |
| 5 | Excise Return Status | type RETEX PAN TaxYear PeriodType Period and SMS to 32024 (e.g. RETEX 304567895 2071 M 1) | Excise Returns For Period 2071 M 1 Is Not Submitted Yet. |
| 6 | Payment | type PMT PAN VoucherNo and SMS to 32024 (e.g PMT 304567895 249561) | Date:2073.06.01 Amount:10000.00 Payment for: VAT |
| 7 | Arrear | type ARR PAN and SMS to 32024(e.g. ARR 304567895 ) | Excise: 0 IncomeTax: 10000 VAT: 5000 |
| 8 | Help | Type HELP and SMS to 32024 | Reg - Registration Retit - Income Tax Return Retvat - Vat Return PMT - Voucher Payment Arr - Arrear Est - Estimated Return |

**पुनश्च:** हाललाई एस.एम.एस. सेवा नेपाल टेलिकमका प्रयोगकर्ताहरुले प्रयोग गर्न सक्नेछन् ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
विष्णु प्रसाद नेपाल

**सल्लाहकार**
डा. नारायण प्रसाद रेग्मी
प्रेमशरण श्रेष्ठ
यज्ञ प्र. ढुङ्गेल

**सम्पादन समूह**
कमल कुमार भट्टराई
खेम नारायण रेग्मी
चुडामणि ढुंगाना
नारायण प्र. भण्डारी
महाराज कोइराला
सुशील लम्साल